इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

# बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।१२।०४

इटहरी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले तपशिलमा उल्लेखित निर्माण कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीबाट रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

बोलपत्रका शर्तहरू :

१. तोकिए अनुसारको रकम फिर्ता नहुने गरी तिरी बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयको योजना शाखाबाट खरिद गर्नु पर्ने छ । बोलपत्र फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नबिकारण भएको फर्मको इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्ने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्ने र ३१ औ दिन १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता हुन आएका बोलपत्र सोही दिन ठिक २:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरूको प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजहरूको प्रतिनिधीहरूको उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा ती कामहरू हुनेछन् ।

३. विद्युतीय संचार माध्यमबाट बोलपत्र पेश गर्न चाहने फर्म वा व्यवसायीले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp मार्फत बुंदा नं. १ मा उल्लेखित प्रमाण पत्रहरुको Scan copy समेत राखी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र पेश गर्दा धरौटी बापतको रकम इटहरी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको नाममा रहेको ने.बै.लि. इटहरीमा रहेको धरौटी खाता चल्ती हिसाब नं. ०५९०३००००००००३००००३ नेपाल बैक लिमिटेड, इटहरीमा नगद जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त बैकको बोलपत्र खोल्ने दिनबाट कम्तिमा ४ महिना म्याद भएको बिड वण्ड पेश गर्नु पर्ने छ ।

५. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

६. बोलपत्र पेश गर्दा शिलबन्दि खाम बाहिर कार्यालयको नाम, कार्यको बिवरण र बोलपत्रदाता फर्मको नाम, ठेगाना र छाप लागेको हुनुपर्ने छ ।

७. प्राप्त बोलपत्र स्वीकृतगर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. बोलपत्र शर्तरहीत, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ ।

९. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको बोलपत्रमाथि कारवाही हुनेछैन ।

१०. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी भरेको मानिनेछ ।

११. बोलपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१२. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

१३. बोलपत्रमा दररेट उल्लेख गर्दा मु.अ.कर बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ।

१४. बोलपत्रदाताले कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज बोलपत्रदाताको बोलपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१५. नियमानुसार नेपाल सरकार लगायत अन्य लाग्ने कर दस्तुर आदि सम्पुर्ण बोलपत्रदाता फर्मले स्वयं वेहोर्नु पर्ने छ ।

१६. एक फर्मको नाममा खरिद भएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१७. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन अनुसार हुने छ।

| *S.N.* | *Contract No.* | *Description of works* | *Estimated amount Nrs. (Excluding VAT)* | *Cost for Bid Document Nrs.* | *Bid Security amount Nrs.* | *Last date for purchasing bid document* | *Last date for bid submission* | *Bid opening date* |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/27/075/076 | River Training work , Amaha Khola Itahari 19 | 26,02,447.37 | 3000.00 | 75000.00 | 0/01/2076 | 04/01/2076 | 04/01/2075 |
| 2 | ITR/NCB/28/075/076 | Interlocking tiles and drain construction work, Itahari-9 | 34,63,789.02 | 3000.00 | 100000.00 | 03/01/2076 | 04/01/2076 | 04/01/2075 |
| 3 | ITR/NCB/29/075/076 | Building Construction & Maintenance work , Itahari-20 | 34,67,708.02 | 3000.00 | 100000.00 | 03/01/2076 | 04/01/2076 | 04/01/2075 |
| 4 | ITR/NCB/30/075/076 | Black Top Road Maintenance work Taltalia Road, Itahari-3 | 1,00,9,4,129.01 | 3000.00 | 286000.00 | 03/01/2076 | 04/01/2076 | 04/01/2075 |
| 5 | ITR/NCB/31/075/076 | River Training work , Bushi River Itahari 10 | 19,51,918.40 | 3000.00 | 56000.00 | 03/01/2076 | 04/01/2076 | 04/01/2075 |
| 6 | ITR/NCB/32/075/076 | Bituminous Road Maintenance work Ekata Marga Itahari 20 | 26,02,743.51 | 3000.00 | 74,000.00 | 03/01/2076 | 04/01/2076 | 04/01/2075 |

बरिष्ठ इन्जिनियर
इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी